बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र

फोन नं:०११-४९०२०१/४९०५८९
Email:akckavre@gmail.com,
Web:www.kavre.akc.gov.np,

धुलिखेल,काभ्रेपलाञ्चोक

प.स. : २०८०/०८१
च.न.

मिति: २०८०/०९/०१

## परामर्शदाता सूचिकृत हुने सम्बन्धमा ।

कृषि ज्ञान केन्द्र, काभ्रेपलाञ्चोकको स्वीकृत वार्षिक कार्यक्रम अनुसारको उच्च प्रविधियुक्त संरक्षित संरचनामा तरकारी खेती कार्यक्रम, कृषि यान्त्रिकरण कार्यक्रम र साना सिंचाई कार्यक्रम संचालनका लागि यस कार्यालयबाट स्वीकृत स्पेसिफिकेसन बमोजिम डिजाइन, लागत अनुमान, इष्टिमेट र कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने प्रयोजनका लागि परामर्शदाता संस्था वा व्यक्तिहरुबाट सूचिकृत हुनका लागि यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र (मिति २०८०/०९/०८ गते कार्यालय समय भित्र) तोकिएको कागजात समावेश गरी निवेदन आह्वान गरिन्छ।

**आवश्यक कागजात**

१. संस्था दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (फर्मको हकमा)।
२. संस्था/व्यक्तिको पान नं र मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
३. नेपाल इन्जिनियरिङ परिषद दर्ता प्रमाणपत्र र शैक्षिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
४. परामर्शदाता फर्महरुको हकमा कार्यरत प्रमुख इन्जिनियरहरुको दर्ता प्रमाणपत्रको प्रतिलिपि।
५. रितपूर्वक आएकमा निवेदन उपर छानबिन गरी सूची प्रकाशन गरिनेछ।
६. उच्च प्रविधियुक्त संरक्षित संरचना निर्माण र साना सिँचाइ कार्यक्रमको हकमा कृषि इन्जिनियर वा सिभिल इन्जिनियर तथा कृषि यान्त्रिकरण कार्यक्रमको हकमा मेकानिकल इन्जिनियर सूचिकृत हुन सक्नेछन्।

पुनश्च: कार्यालयमा सूचिकृत भएका संस्थागत वा व्यक्तिगत परामर्शदाताले मात्रै कार्यालयबाट प्रवाह हुने कार्यक्रमहरुको लागि आवश्यक डिजाइन, लागत अनुमान तथा कार्यसम्पन्न प्रतिवेदन लगायतका कार्यहरु गर्न सक्नेछन्। कृषक, कृषक समूह, कृषि सहकारी वा कृषि फर्महरुले कार्यक्रमको प्रकृति अनुरुप निवेदन दिँदा /सम्झौता गर्दा र कार्यसम्पन्न गरीसके पश्चातको प्रयोजनको लागि सूचिकृत परामर्शदाता मध्येबाट प्राविधिकहरुको उपयोग गर्न सक्नेछन्।

कुल प्रसाद दवाडी
कार्यालय प्रमुख
अधिकृत स्तर नवौं